नेपालको पहिलो बौद्ध मासिक

# आनन्द भूमि

म, ०७३झर्स्पइर्ण्द्त्रथइउदत्रैम-उ५त्रघपरष◆इ्यलपरइ्ु जाहइ४७
ाट्ब्श्राबइ्ग९९ ङ्घिभ्रब्४४अ

The Ananda Bhoomi (Year 43, Vol. 13)
A Buddhist Monthly : April/May 2016

*प्रमुख सल्लाहकारः*
**भिक्षु मैत्री महास्थविर (प्रमुख, आ. कु. वि.)**

*सल्लाहकार :*
**भिक्षु धर्ममूर्ति (कार्यवाहक प्रमुख, आ.कु.वि.)**

*व्यवस्थापन तथा वितरक :*
**भिक्षु पियदस्सी,** आनन्द कुटी विहार, ४२७१४२०

*व्यवस्थापन सहयोगी :* **भिक्षु सरणंकर**

*वितरण सहयोगी :* **विवेक महर्जन**

*लेखा व्यवस्थापन :* **सुरेश महर्जन,** स्वयम्भू

*आवरण डिजाइन/भित्री सेटिङ् :* **विनोद महर्जन**

*कम्प्यूटर सज्जा :* **राजकुमार छुका, ख्वप**

*सम्पादन सहयोगी :* **भिक्षु अस्सजि**

*सम्पादक/प्रकाशन संयोजकः*
**कोण्डन्य**
बुद्धविहार भृकुटीमण्डप, ४२२६७०२

***वितरणार्थ सहयोगीहरुः***
बुद्धजयन्ती समारोह समिति (श्रीघः), शर्मिला श्रेष्ठ (बौद्ध वृद्धाश्रम-बनेपा), जुजुकाजी शाक्य (शाक्यवाच बनेपा), अ. इन्द्रावती, सरिता अवाले (ललितपुर), सुश्री वीणा कंसाकार (बौद्ध महिला संघ, नेपाल), सुश्री शकुन्तला प्रधान, श्रीमती केशरी वज्राचार्य, सुवर्णमुनि शाक्य (भैरहवा), विद्यादेवी शाक्य (बुटवल), याम शाक्य (वेनी), ज्ञानमाला संघ-आनन्द विहार (तानसेन), बलबहादुर गाहा (पाल्पा), कृष्णप्रसाद शाक्य (बाग्लुङ्), विजय गुरूङ् (लमजुङ्), शैनी चौधरी (पुजारी लामा) सप्तरी, उत्तममान बुद्धाचार्य, पोखरा ।

*मुद्रणः*
**आईडियल प्रिन्टिङ्ग प्रेस**, ग्वार्को, फोनः ५००७५६३
शाखा : पुल्चोक, फोन : २१२०२३५

*प्रकाशकः*
**आनन्दकुटी विहार**
आनन्द कुटी विहार, स्वयम्भू, फोनः ४२७१४२०
*का.जि.द.नं. ३४/०३४/०३५/म.क्षे.हु.नि.द.नं. ७/०६१/६२*

## बुद्धवचनामृत



**सब्बे संखारा दुक्खाति-यदा पञ्ञाय पस्सति ।**
**अथ निब्बिन्दति दुक्खे-एस मग्गो विसुद्धिया ॥**

*अर्थात् : सबै संस्कार दुःखका कारण हुन् भनी प्रज्ञायुक्त भएपछि संसारउपर वैराग्य उठ्छ, यही नै विशुद्धि मार्ग हो ।*

**फुक्क संस्कार दुःखया कारण खः धका प्रज्ञायुक्त जुइधुंका संसारउपर वैराग्य उत्पन्न जुइ, थ्व हे विशुद्धि मार्ग खः ।**

All conditioned phenomena are dukkha; when one sees this with Insight-wisdom, one becomes weary of dukkha (i.e..., the khandhas). This is the Path to Purity.

**– धम्मपद, २७८**

श्रज्जहरइ्पतपरक्त
**आनन्द भूमि**
**आनन्दकुटी विहार संस्था, पो.ब.नं. ३००७, काठमाडौं ।**
**फोनः ४२७१४२०**
E-mail : anandakutivihar@gmail.com
gkondanya@gmail.com
info@anandabhoomi.com
Website: anandakutivihar.com.np
**www.anandabhoomi.com**

**यपत्रलपरहइक्षब्इ४९,ङ्ग◆३३३३३३३३३त्हउ ।त्रथइक्षब्इ४९ङ्ग◆३३३३३३३३३३३यपत्रलपरहइश पिहइाएिइश्रैतपदशइशद्दपझइ्ज्ञ**

# विख्यात ध्यानगुरू सयादो पण्डिताभिवंस अब रहेनन्

सम्पादकीय

**अनिच्चावत संखारा** अर्थात् जतिपनि संस्कृत धर्महरू छन्, ती सबै नाशवान हुन्, परिवर्तन तथा गतिशीलतासँगै अनित्य, दुःख तथा अनात्म स्वभावसहित सम्पूर्ण जीव-जगत यस धर्तीबाट विलाउनु पर्छ भन्ने मान्यतालाई विश्व-जगतसामू जीवन्तरूपमा ध्यानसाधनाको माध्यमबाट प्रचार-प्रसारमा समर्पित हुँदै अन्ततः यही २०७३ बैशाख ४ गते ९६ वर्षको उमेरमा **पण्डिताराम सयादोजी भद्दन्त पण्डिताभिवंस**को भौतिक देह अवसान भएको छ । उहाँको बुद्धशासनिक योगदानलाई कदर गरी म्यानमार सरकारले अत्यन्त धर्म-गौरवपूर्वक बैशाख ८ गते राजकीय सम्मानकासाथ विधिपूर्वक अन्तिम संस्कार कार्य सम्पन्न गरेको छ ।

बर्मा अर्थात् म्यानमारमा जन्मिएका **पण्डिताराम सयादोजी विश्वविख्यात ध्यानगुरू अग्गमहापण्डित महोपकारक महासी सयादो**का प्रमुख शिष्य हन् । उहाँले समग्र जीवन बुद्धशासनप्रति समर्पित गरी **सतिपट्ठान विपस्सना ध्यान-साधना**लाई सन् १९५१ देखि अक्षुण्ण धाराप्रवाहसहित जीवनको अभिन्न अङ्गको रूपमा, जीवन जिउने कलाको रूपमा पृथक पहिचानसहितको मान्यता स्थापित गरेका छन्, यसउसले नै ध्यानाचार्य **ओवादाचरिय पण्डिताराम सयादोजी**को इहलौकिक जीवन-यात्रा सपाप्तिपश्चात् पनि उहाँलाई स्मरण गर्ने तथा ती स्थापित मान्यताहरू अविच्छिन्न अविरल धाराप्रवाहका रूपमा कलकल धर्मगंगा बगिरहने सुनिश्चित छ ।

सन् १९२९ जुलाइ २१ का दिन जन्मेका **पण्डिताराम सयादोजी**ले १२ वर्षको कलिलो उमेरमै प्रव्रजित जीवन धारण गरी बुद्धशासनमा समर्पित भएका हन् । **विश्वविख्यात ध्यानगुरू अग्गमहापण्डित महोपकारक महासी सयादो**को छत्रछायाँमा महासी शासनायैता ध्यान केन्द्रअन्तर्गत **सतिपट्ठान विपश्यना-विद्या** सम्यक् रूपमा प्राप्त गरिसकेपछि चित्तविकारलाई पखाल्ने, मानसिक कलुषितभावलाई ताछ्ने निरन्तर भावितामयी अभ्यासका कारण आफ्नो गुरूको निधनपश्चात् पण्डिताराम शासना यैता ध्यानकेन्द्र हुँदै बुद्धजन्मभूमि राष्ट्र नेपालमा समेत अन्तर्राष्ट्रिय बौद्ध भावना केन्द्र, लुम्बिनीस्थित पण्डिताराम ध्यान केन्द्रको स्थापना गर्नुभई विपश्यना-ध्यान केन्द्रमार्फत् सबैको मङ्गल हुने, कल्याण हुने साधनामयी जीवन जिउने कला सतिपट्ठान विपश्यना विधि-अनुशासनलाई निरन्तरता दिन **पण्डिताराम सयादोजी**ले जीवनको अन्तिम घडीसम्म धार्मिक यात्रा गर्नुभयो । ध्यानगुरू **पण्डिताराम सयादोजी**ले म्यानमारबाट साधनामयी धार्मिक यात्राको वीजारोपणसहित युरोप, अमेरिका, अष्ट्रेलिया, एशियालगायत थुप्रै देशमा ध्यानकेन्द्रको स्थापना गर्नुभई बुद्धशिक्षालाई संसारभरि फैलाउन प्रत्यक्ष-अप्रत्यक्ष रूपमा आयामिक योगदान पुऱ्याउनुभयो, यसलाई सम्बद्ध क्षेत्रले सदासर्वदा स्मरण गरिरहने नै छ ।

**पण्डिताराम सयादोजी भद्दन्त पण्डिताभिवंस**को निधनपछि उहाँको कुशल ओवादाचरियत्वमा जीवन्तता पाइरहेका विभिन्न ध्यान केन्द्रहरूको काँधमा अबउप्रान्त गहन जिम्मेवारी थपिनु स्वाभाविक हो । सार्वभौमिक, सार्वकालिक एवं सार्वजनीन महत्ता, विशेषता, उपादेयतासहितको जीवन जिउने कला-दुःख मुक्तिको साधना-जीवन सुखशान्तमय पद्धति सतिपट्ठान विपश्यनालाई सम्प्रदायभित्र नबाँधी बुद्धिविलास तथा वाणीविलास निरपेक्ष रूपमा स्थापना गर्न आवश्यक पारिशुद्धिकगुणयुक्त गम्भीर व्यक्तित्वका धनी विख्यात ध्यानगुरू **पण्डिताराम सयादोजी भद्दन्त पण्डिताभिवंस**को बुद्धशासनिक आयामिक योगदानलाई धर्मसंवेगसहित स्मरण गर्दा जोकसैलाई धर्मप्रीतिको अनुभूति हुन्छ नै । यावत शासनिक कार्यलाई स्मरण गरी **निब्बाणस्स पच्चयो होतु** भनी अनित्यानुपश्यिक धर्मसंवेगसहित मैत्रीपूर्वक उहाँ विख्यात ध्यानगुरू **पण्डिताराम सयादोजी भद्दन्त पण्डिताभिवंस**को सुगतिसहित निर्वाण कामना !

## अन्तर ग्रन्थ


| क्र.सं. | विषय | लेखक | पृष्ठ |
|---|---|---|---|
| १. | भगवान्को धर्मकाया - २ | सत्यनारायण गोयन्का | ४ |
| **२.** | **प्रमुख ओवादाचरिय सयादो भद्दन्त उ पण्डिताभिवंस महास्थविरको निधन** | | **७** |
| ३. | विपश्यना नयाँ अधिकृत....... | कृष्ण ढुंगाना | ८ |
| ४. | कुशल कर्मको निम्ति समानता, जगतहित र धर्म समन्वय | लोकबहादुर शाक्य | १० |
| ५. | नेपालको रामग्राममा मौजुद तथागतको अस्थिधातु-२ | अमृतमान ताम्राकार | १३ |
| **६.** | **सयादो ऊ पण्डिताभिवंस महास्थविरया पौ** | | **१७** |
| **७.** | **विख्यात ध्यानगुरू सयादो ऊ पण्डिताभिवंस महास्थविर मन्त** | | **१८** |
| **८.** | **अनन्त उपकारक ओवादाचरिय सयादो भद्दन्त पण्डिताभिवंस लुमंकाः** | **अ. उप्पलवण्णा (चिनी)** | **१९** |
| ९. | वज्राचार्य समाजया अवस्थाकथं वालेबलय् | सुवर्ण शाक्य | २२ |
| १०. | Most Ven Sayadaw U Pandita Mahathero | | 24 |
| ११. | REACHING THE HIGHER VIPASSANA JHNAS | Sayaday U Pandit | 25 |
| **१२.** | **बौद्ध गतिविधि** | | **२८** |


## लेखक एवं पाठक-ग्राहक वर्गमा हार्दिक अनुरोध

- नेपालको पहिलो बौद्ध मासिक आनन्द भूमि पत्रिकाको लागि नेपाली, नेपाल भाषा तथा अँग्रेजीमा लेख-रचना समयमैं सम्प्रेषण गर्नुहोला, सम्बन्धित तथा समयोचित लेख-रचनालाई हामी उचित स्थान दिनेछौं ।
- समयमैं लेखक वर्गले बुद्ध, बुद्धधर्म, बौद्धसंस्कृति एवं दर्शन, साहित्य र इतिहाससम्बन्धी अनुसन्धानात्मक तथा सृजनाात्मक लेख, रचना, कथा, कविताहरू संप्रेषण गर्नुहोला ।
- आ-आफ्ना क्षेत्रहरूमा हुने समाचारमूलक बौद्ध गतिविधिलाई सक्दो चाँडो फोन, ईमेल वा हुलाकबाट जानकारी गराउनुहोस् ।
- उद्योगपति तथा व्यापारी वर्गबाट विज्ञापन दाता बन्नुभई आफ्नो व्यवसायको प्रचार तथा बुद्धधर्मप्रतिको श्रद्धा अभिव्यक्त गरी आनन्दभूमिलाई सहयोग गर्नुहोस् ।
- विगत ४३ वर्षदेखि प्रकाशन हुँदै आइरहेको नेपालको पहिलो बौद्ध मासिक पत्रिका आनन्दभूमिका लागि आफ्ना विचार, तर्क, नियात्रा, दृष्टिकोणजस्ता कुराहरू समावेश गरी वर्तमान परिप्रेक्ष्यमा अनुकुल हुने गरी जनअभिरूचिपूर्ण नयाँ नयाँ तथ्यहरूसहित यहाँहरूबाट निरन्तर रूपमा लेखरचना प्राप्त भइरहेमा आनन्द भूमिलाई स्तरीयरूपमा प्रस्तुत गर्दैजान सकिने हुन्छ ।
- यस पत्रिकामा प्रकाशित लेख-रचनाको सम्पूर्ण जिम्मेवारी स्वयं लेखककै अभिभारा हुनेछ ।
- समयमैं लेख-रचना प्रकाशन गर्न तथा सल्लाह-सुझावका लागि anandakutivihar@gmail.com/ gkondanya@gmail.com मा इमेल गर्नसकिने छ ।
- सहयोग, सल्लाह, सुझाव तथा आलोचना, समालोचना आनन्दभूमिको निरन्तरताका लागि सम्बद्ध क्षेत्रबाट रचनात्मक सहयोगको अपेक्षा लिएका छौं ।

- आनन्दभूमि परिवार, आनन्द कुटी विहार, स्वयम्भू, काठमाडौं । फोन - ४२७१४२०
anandakutivihr@gmail.com/gkondanya@gmail.com



# भगवान्‌को धर्मकाया - २

✍ कल्याणमित्र सत्यनारायण गोयन्का

*गतांकबाट क्रमशः*

वास्तवमा शरण त धर्मको जानुपर्छ । आफूभित्र जागेको धर्म, यसैले हामीलाई सही अर्थमा शरण दिन्छ, संरक्षण दिन्छ । आफूभित्र उत्पन्न भएको धर्मको दर्शन अर्थात् धर्मानुपश्यनाले नै हामीलाई बुद्धको दर्शन गराउँछ, बुद्धको धर्मकायाको दर्शन गराउँछ ।

आफूभित्र धर्मलाई दर्शन गर्दै साधकले जब पंचस्कन्धको समूदयधर्म स्वभावलाई र व्ययधर्म स्वभावलाई देख्दछ अर्थात् अनुभव गर्दछ, तब विपश्यनाको माथिल्लो स्तरमा धर्मको यो अनित्यबोधिनी तरंगहरू भगवान्‌को धर्म तरंगसँग मिल्न थाल्छ । अथवा साधकले जब पाँच स्कन्धभन्दा पर इन्द्रियातीत अमृत निर्वाणको साक्षात्कार गर्दछ, तब भगवान्‌को निर्वाण धातुसँग स्वतः मिल्न जान्छ । यसरी धर्मको दर्शन गर्दै बुद्धको दर्शन गर्दछ, बुद्धको धर्मकायाको दर्शन गर्दछ । यस प्रसंगमा एउटा कुरा ध्यान दिनु उपयुक्त हुन्छ, जुन घटना भगवान् बुद्धको पूर्व जीवनको हो–

त्यस समय उनी बोधिसत्वको रूपमा लोक-कल्याण गर्ने कार्यमा लागेका थिए । आफ्ना पारमिताहरू परिपूर्ण गर्दै शरभंग नामको बोधिसत्वको जीवन ब्यतित गरिरहेका थिए । त्यस समय उहाँले अट्ठक, कलिंग नरेश उग्रजेत र भीमरथलाई धर्मदेशना दिनुभएको थियो । धर्मदेशना सुन्दासुन्दै तीनैजना राजाहरूका मनमा तीव्र धर्मसंवेग जाग्यो र तीनैजनाको चित्तबाट काम भोगको

> **- बोधिवृक्षको मुनि बसेर बोधिसत्वको शरीरमा जब बोधिकाय अर्थात् धर्मकाय उत्पन्न भयो, तब कोही बोधिसत्व सम्यक् सम्बुद्ध बन्यो । यी सबै बुद्ध हुनुको कारणले नै भएको हो । बुद्धगुण नै बुद्धको धर्मकाया हो । बुद्धगुणको दर्शन नै बुद्ध-दर्शन हो । बुद्ध-दर्शन नै धर्म दर्शन हो ।**

प्रति आसक्ति त्यसै समय हट्यो । यो देखेर परचित्त ज्ञानको सिद्धि प्राप्त गरेका बोधिसत्व शरभंगले प्रसन्न भएर भने– "धेरै राम्रो भयो तिमीहरूको, अट्ठक, भीमरथ र कलिंगका राजा उग्रजेत तीनै जनाको कामभोगको प्रतिको आसक्ति सबै समाप्त भयो ।" यो सुनेर तीनैजना राजाहरूलाई आश्चर्य लाग्यो कि बोधिसत्वले तीनै जनाको वर्तमान चित्तको अवस्था कसरी थाहापायो । उनीहरूले बोधिसत्वसँग प्रार्थना गरे कि "हामीलाई पनि तपाईंको जस्तो गति प्राप्त गर्नसक्ने उपदेश दिनुहोस् ।" तब बोधिसत्वले भन्नुभयो– "तिमीहरूको कामभोगसम्बन्धी आसक्ति अहिलेको लागि छुटेको छ, त्यसैले तिमीहरूलाई अनुग्रह गरेर प्रव्रज्या हुन स्वीकृत गर्छु । तिमीहरूले सारा शरीरमा विपुल प्रीति स्फुरित गरेर त्यस तरंगले आप्लावित होऊ र मेरो अवस्थाको अनुभव गर्नसिक ।"

विपश्यना साधनाद्वारा नै सारा शरीरमा तरंग उत्पन्न हुन्छ, मानौं स-साना तरंगका एउटा धारा प्रवाहित भइरहेको छ । यस्तो अवस्थाको स्वयंले अनुभूति गरेपछि नै

यस अङ्क




गताङ्कमा




आनन्द भूमि

पढौं पढाऔं, समयमैं वार्षिक ग्राहक बनौं

आनन्द कुटी विहार संस्था, पो.ब.नं. ३००७, काठमाडौं, फोनः ४२७१४२०
E-mail : anandakutivihar@gmail.com, anandakutivihar@ntc.net.np
gkondanya@gmail.com, kondanya@soon.com

साधक आफ्नो आचार्यको त्यस अवस्थाको अनुभव गर्न सक्दछ । त्यस अवस्थामा आचार्यले पनि यस्तै प्रकारको स्फुरणाको अनुभव गरिरहेको हुन्छ । यही नै साधकले गरिने आचार्यको धर्ममय दर्शन हो । यही भगवान्को धर्मकायाको दर्शन हो, जुन रूपकायाको दर्शनभन्दा सर्वथा भिन्न छ । साधनाको माथिल्लो तहमा धर्मकायाको यो दर्शन नै साधकका लागि कल्याणकारी छ । केवल भौतिक काया अर्थात् रूपकायाको दर्शन बाहिरी आकर्षणको प्रतीकमात्र हो ।

एक समय भगवान् उक्कट्ठा र सेतब्यको बीच भागमा चारिका गरिरहनुभएको थियो र सँधैँझैं नांगो खुट्टाले हिंडिरहनुभएको थियो । जुन जमीनमा हिंडिरहनुभएको थियो, त्यो जमीन समतल र नरम थियो । भगवान्को दुबै पाईतला समतल थिए । पाईतालामा नाभि र नेभिसहितका हजारौं चक्का भएका चक्र अंकित थिए । नरम त्यस भूमिमा भगवान्को पाइतालाका चक्रको छाप स्पष्ट देखिन्थे । द्रोण नामको एकजना ब्राह्मण भगवानको पाइतालाको छाप देखेर अत्यन्त आश्चर्य विभोर भए ।

ओहो, कस्तो आश्चर्य, कस्तो अद्भूत । निश्चय नै यो कोही मनुष्यको पाइला होइन । यस्तो पद चिन्ह कस्को होला भनेर हेर्न उत्सुक भए त्यसैले पदचिन्ह हेर्दै हेर्दै भगवान् बसिरहनुभएको ठाँउसम्म आईपुगे । उसले भगवान्लाई आँखा नझिम्क्याई एकटकले हेरीरहे । यस्तो शरीरको लक्षण भएको ब्यक्ति पहिला कहिले पनि देखेको थिएन । यो कोही सामान्य ब्यक्ति होइन होला । अतः उत्सुकतापूर्वक उस्ले भगवान्लाई सोधे-

- के तपाई देवता हुनुहुन्छ?
- ब्राह्मण म देवता होइन ।
- के तपाई गन्धर्व हुनुहुन्छ?
- ब्राह्मण म गन्धर्व पनि होइन ।
- के तपाई यक्ष त होइन?
- ब्राह्मण म यक्ष पनि होइन ।
- के तपाई मनुष्य हुनुहुन्छ?
- ब्राह्मण म मनुष्य पनि होइन ।
- "देवता पनि होइन, गन्धर्व पनि होइन, यक्ष पनि होइन, मनुष्य पनि होइन, त्यसो भए तपाई को हुनुहुन्छ ?"

भगवान्ले उत्तर दिनुहुँदै भन्नुभयो– "ब्राह्मण मलाई बुद्ध ठान ।"

भगवान्ले ठीक उत्तर दिनुभयो । समस्त भव संसारमा सबैभन्दा अग्र हुनाले जुन भवाग्र कहलिन्छ, ती अरूप ब्रह्मलोकका ब्रह्माहरूदेखि लिएर देवता, मनुष्यसहित अधोगतिसम्मका सारा प्राणी मरणशील छन्, सबैजना भवचक्रमा पिसिरहेका छन्, जबकि सम्यक् सम्बुद्ध यस भवचक्रबाट मुक्त भइसकेका छन् । यो उहाँको अन्तिम जन्म हो । यस्तो मुक्त ब्यक्तिले आफूलाई यी मरणशील प्राणीहरू, देव, गन्धर्व, यक्ष, ब्रह्मा अथवा मनुष्यका नामले पुकार्नु उपयुक्त हुँदैन । बुद्ध मुक्त ब्यक्ति हो, त्यसैले अनौठो छ, अन्य भन्दा भिन्न छ । अन्यझैं संसारमा लिप्त छैन ।

हजारौं चक्का भएको चक्रको चिन्ह चक्रवर्ती सम्राटको समतल पाइतालामा पनि हुन्छ । त्यस चिन्हको छापा जमीनमा त्यसरी नै पर्छ र त्यस पदचिन्हलाई देख्यो भने त्यस्तै आश्चर्य भएर सोध्ने छ कि तिमी को हौ? तर उसले कसरी भन्न सक्छ कि म मनुष्य होइन, किनकि ऊ त यस मरणशील लोकसँग सम्बन्धित छ । यस भवचक्रमा पिसिएको ब्यक्ति नै हो ।

यही बुद्धको विशेषता हो । बोधिवृक्षको मुनि बसेर बोधिसत्वको शरीरमा जब बोधिकाय अर्थात् धर्मकाय उत्पन्न भयो, तब कोही बोधिसत्व सम्यक् सम्बुद्ध बन्यो । यी सबै बुद्ध हुनुको कारणले नै भएको हो । बुद्धगुण नै बुद्धको


**पाप कर्म (अकुशल कर्म) कहिल्यै नगर्नु**
**पुण्य (कुशल कर्म) गर्दै जानु ।**
**आफ्नो चित्तलाई (मन) शुद्ध गर्नु**
**यहि नै बुद्धको उपदेश हो ।**

VISHWA MOTOR TRADERS
Putalisadak, Kathmandu Tel.: 4225625 / 4244173

**बिश्व मोटर ट्रेडर्स**

**ख-२, ४०८, पुतलिसडक, काठमाडौं, नेपाल ।**
**फोन नं.: ४२३८१४७, ४०३००४४, ०१२२९२२३०**
E-mail: vishwamotor@gmail.com

**टोयोटा, मित्सुबिसि, निशान, इसुजु, सुजुकि इत्यादि**
**गाडिका पार्टस्हरुको लागि सम्पर्क गर्नुहोस् ।**

धर्मकाया हो । बुद्धगुणको दर्शन नै बुद्ध-दर्शन हो । बुद्ध-दर्शन नै धर्म दर्शन हो ।

बुद्धका अनेक गुणहरू मध्ये मूख्य नौ वटा गुणको कारणले बुद्ध विश्वविख्यात भए । मानव इतिहासमा यस्ता ब्यक्तिहरू थोरै मात्र छन् जो आफ्नो जीवन कालमा यति लोक प्रसिद्ध भए । भगवान बुद्धको प्रचार उनको जीवनकालमा नै यति धेरै फैलियो कि उहाँलाई नदेखे पनि, उनको प्रशंसा सुनेर उहाँप्रति आकर्षित भए । यहाँसम्म कि विरोधी ब्यक्तिहरू पनि उहाँप्रति आकर्षित भए र तीमध्ये धेरै जना उहाँको अनुयायी बने ।

प्रसिद्धि त्यस समयका अन्य आचार्यहरूका पनि फैलिएको थियो, तर उनीहरूको ख्याती बुद्धको भन्दा धेरै फरक थियो । त्यस समयका प्रसिद्ध आचार्यहरू मध्येका मक्खलिगोषालजस्ता आचार्यहरू अत्यन्त प्रसिद्ध थिए । तर उनीहरूको प्रसिद्धीको कारण भगवान्को प्रसिद्धीसँग तुलना गर्न अयोग्य थियो । जस्लाई भगवान्को वास्तविक गुणहरूका बारेमा ठीक र पूरा अर्थको जानकारी छैन । त्यस्ता ब्यक्तिहरूले मात्र भगवान्को बारेमा अनर्थ सोच्छन् । यस्ता ब्यक्तिहरू मध्येका पव्रिाजक सभियले पनि आफ्नो गलत र अधुरो जानकारीको कारण भगवान्को बारेमा गलत सोचे र आफ्नो धारणा यसरी ब्यक्त गरे । यो श्रमण गौतम पनि संघपति हुन्, गणपति हुन्, गणाचार्य हुन्, प्रसिद्ध हुन्, यशस्वी हुन्, तीर्थंकर हुन् र धेरै मानिसहरूद्वारा सम्मानित छन् ।

जस्ले भगवान्का गुणहरूका बारेमा थाहा पाएका थिए । उनीहरूले यी गुणहरूका आधारमा भगवान् बुद्धको मूल्यांकन गर्दैन थिए । जस्ले थाहापाउँदैन्, उनीहरूले भगवान् बुद्धको गुणलाई अन्य आचार्यहरूका फरक गुणका आधारमा दाँजियो । त्यसैले सभियले अन्य आचार्यहरू बूढो छन्, बृद्ध छन्, पाकिसेका छन् तर श्रमण गौतम उमेरमा कान्छो छ । त्यसैले अनुभवमा कमी छ भने यही कमजोरीलाई पकडेर प्रश्न-उत्तर गरी पराजय गर्ने मनसायले भगवान्लाई भेट्न गए । उसले भगवानको गुणको बारेमा केही पनि सुनेको थिएन । तर जब भगवान्सँग उनको भेट भयो, तब मात्र उनले थाहापाए । यदि भगवान्को सम्पर्कमा नआएको भए उनी यसै भ्रममा परिरहन्थे । उहाँ पनि अन्य आचार्यहरू झैं गणी र यशस्वी मात्रै हुन् भन्ने सोच्थे । उसले थाहा नै पाउँदैनथ्यो कि बुद्धको वास्तविक गुण यी सामान्य गुणको तुलनामा कति महान छन् ।

भगवान्को उमेर कान्छो भएकोले कोशल नरेश प्रसेनजितलाई पनि यस्तै शंका लागेको थियो । भगवानसँग भेटेपछि आफू स्पष्टवादी हुनुको परिचय दिँदै भने यो श्रमण ब्राह्मण संघी छ, गणी छ, गणाचार्य छ, प्रसिद्ध छ, यशस्वी छ, तीर्थंकर छ, धेरै मानिसहरूले पूज्य छन्, दीर्घायु छ । परन्तु यी विशेषताहरू मात्र हुनुका कारण कसैले सम्यक् सम्बोधि प्राप्त गर्न सक्दैन ।

धेरै वर्षसम्म नजिकै रहेर संगत गरेपछि प्रसेनजितको यो शंका पनि हट्यो, जब उसले विभिन्न घटनाहरूको माध्यमले भगवान्को वास्तविक गुणहरूलाई थाहापाए, तब बुझे । उनले भगवान्लाई वन्दना गर्दै भने– सम्मासम्बुद्धो भगवा - भगवान् सम्यक सम्बुद्ध हुनुहुन्छ, स्वाक्खातो भगवता धम्मो- भगवानको धर्म सुआख्यात छ, सुप्पटिपन्नो भगवतो सावकसंघो- भगवान्को श्रावकसंघ सुप्रतिपन्न छ, भगवानका यी गुणहरूको कारणले उनको जीवन कालमा नै लोकप्रिय हुनुभयो । यसैको कारण नै उहाँ धम्मकायो-धम्मभूतो, ब्रह्मकायो- ब्रह्मभूतो बन्नुबन्यो । चक्खुभूतो, ञाणभूतो हुनुभयो । उहाँको महान धर्मकायाको कारण नै असंख्य ब्यक्तिहरूले धर्मप्राप्त गरे, आफ्नो कल्याण गरे, आफ्नो मंगल गरे ।

## प्रत्येक शुक्रवार सामूहिक ध्यान

बनेपास्थित बौद्ध वृद्धाश्रममा प्रत्येक शुक्रबार दिउँसो २:०० बजेदेखि ३:०० बजेसम्म सामूहिक विपश्यना ध्यान कार्यक्रम संचालन भइरहेको छ । ईच्छुक महानुभावहरू सहभागि हुनसक्नेछ ।

सम्पर्क : **राज शाक्य**

**बौद्ध वृद्धाश्रम, बनेपा** फोनः ०११-६६२८४९, (तीन दोबाटो हुँदै नालाजाने ध्यानमार्ग)

# प्रमुख ओवादाचरिय सयादो भद्दन्त उ पण्डिताभिवंस महास्थविरको निधन

विश्वमा सतिपट्ठान विपस्सना ध्यान प्रचार प्रसार गरी बुद्धशासनमा अमूल्य योगदान दिनुभएका भद्दन्त उ पण्डिताभिवंस महास्थविर ९६ वर्षको उमेरमा २०७३ वैशाख ४ गते शनिवार (१६ अप्रिल २०१६) दिवंगत हुनुभयो । यो संवेजनीय कुरा हो ।



नेपालमा पनि बुद्धशासन उन्नति र अभिवृद्धिका लागि उहाँले उल्लेखनीय योगदान दिनुभएको अविस्मरणीय छ । नेपालका श्रद्धालुहरूलाई ध्यानभावना अभ्यास गराउने प्रमुख उद्देश्यले बर्माका महोपकारक महासी सयादोका प्रमुख शिष्य उहाँ ओवादाचरिय भद्दन्त पण्डिताभिवंस सयादोबाट २०४२ जेष्ठ २३ गतेका दिन अन्तर्राष्ट्रिय बौद्ध भावना केन्द्रको शिलान्यास गर्नुभई स्थापना भएको हो ।

यस केन्द्रका प्रमुख ओवादाचरिय भद्दन्त पण्डिताभिवंस सयादोले अनुकम्पा राखी नेपालमा २०४२ देखि २०७० सालसम्म वृद्ध उमेरमा पनि प्रत्येक वर्ष निरन्तर रूपमा आउनुभई सतिपट्ठान विपस्सना शिविर सञ्चालन गर्नुभएको थियो । उहाँले बर्माबाट आफ्नो शिष्यहरूलाई कम्मट्ठानाचरियको रूपमा पालैपालो गरी केन्द्रमा रहने गरी पठाउनुभएकोले यस ध्यान केन्द्रबाट धेरै योगीहरू लाभान्वित भएका छन् ।

बुद्धशासनमा परियत्तिबाट अलग्ग नभएको पटिपत्ति र पटिपत्तिबाट अलग्ग नभएको परियत्ति शिक्षा दिन आवश्यक भएको बारेमा उहाँ सयादोले ठूलो जोड दिनुहुन्थ्यो । बालबालिकाहरूलाई सानै उमेरदेखि बुद्धशिक्षा, बौद्ध संस्कृति र बौद्ध सभ्यताको छाप पारी नैतिकवान चरित्रवान बनाउन परियत्ति शिक्षा एवं ध्यान अभ्यास गराउनु उहाँको दूरदर्शी निर्देशन अविस्मरणीय छ ।

नेपालमा बुद्धधर्म प्रचार प्रसार गर्न सक्षम जनशक्तिको आवश्यकतालाई महसूस गरी नेपाली युवाहरूलाई म्यानमारमा अध्ययन अध्यापनको लागि सम्पूर्ण जिम्मा लिई शिक्षादिक्षा दिइराख्नुभएको उहाँको ठूलो अनुकम्पा हो । जस अनुसार म्यानमारको पण्डिताराम विहारमा थुप्रै विद्यार्थीहरू अध्ययन गरिसकेको छ । हाल १७ जना अध्ययन गरिरहेका छन् । कोही धम्माचरिय जस्ता गरीमामय शिक्षा हासील गरी बुद्धशासनिक कार्यमा संलग्न भइरहेका छन् ।

यसरी उहाँले नेपाललगायत विश्वका विभिन्न मुलुकमा सतिपट्ठान विपस्सना ध्यानभावना केन्द्रहरू स्थापना गरी ध्यानभावना अभ्यासद्वारा बुद्धधर्म प्रचार प्रसार गर्दै आउनुभएको एक कुशल ध्यान गुरू हो । उहाँको निधनले बौद्ध जगतमा अपूरणीय क्षति भएको छ । उहाँ हामीसामू भौतिक रूपले विद्यमान नभए पनि उहाँको बुद्धशासन अभिवृद्धिका लागि गर्नुभएको योगदान अविस्मरणीय रहनेछ ।

# विपश्यना नयाँ अधिकृत :
# चित्त शुद्ध गरे भष्टाचार नियन्त्रण

✍ कृष्ण ढुंगाना

सरकारी सेवामा व्याप्त भ्रष्टाचारको जड के हो? सरकारी कामकारबाही चुस्त हुन नसक्नुमा कर्मचारीको नियत र क्षमतामाथि किन औंला उठिरहन्छ? यी प्रश्नमाथिका बहस र पहल निष्प्रभावी बनिरहेका बेला न्यायसेवा तालिम केन्द्रले नयाँ प्रयोग थालनी गरेको छ- सरकारी कर्मचारीलाई ध्यान पठाउने ।

यो प्रयोगअन्तर्गत केन्द्रले न्यायसेवाका २१ नयाँ अधिकृतलाई विपश्यना ध्यान गराएको छ । नयाँ अधिकृतहरूले राजधानीको शिवपुरीस्थित "**धम्मश्रृंग**" मा फागुन २८ गते शनिवार १० दिने कोर्स पूरा गरेका हुन् । 'ब्युरोक्रेसी भ्रष्ट भयो, अदालतमा समेत भ्रष्टाचार बढेको गुनासो छ, यसलाई कम गर्ने उपाय खोज्दै विपश्यना पुगेका हौं,' विपश्यनाको अन्तिम दिन अधिकृतका संयोजक दिलीपकुमार प्रधानले भने, 'न्यायसम्पादन गर्दा सही निर्णय र तटस्थ रहन सक्नु ठूलो क्षमता हो, त्यसका लागि विपश्यना अचुक उपाय रहेछ ।'



केन्द्रले इच्छुक अधिकृतलाई तलबी बिदा र तालिमकै हैसियतमा अंकसमेत दिने गरी ध्यानमा पठाएको हो । विपश्यना क्रममा अधिकृतहरू १० दिनसम्म मौन बसे । ध्यानमा डुबेर चित्तशुद्धिको आध्यात्मिक अनुभव बटुले । यो अभ्यासबाट क्षमतावृद्धि, अनुशासन तथा व्यवस्थापन कौशल बढाउन सहयोग पुगेको उनीहरूको प्रतिक्रिया छ ।

**- न्यायसम्पादन गर्दा सही निर्णय र तटस्थ रहन सक्नु ठूलो क्षमता हो, त्यसका लागि विपश्यना अचुक उपाय हो ।**

**- कार्यक्षेत्रमा सेवाभाव विकास गराउन, निर्णयक्षमता बढाउन ध्यानले सघाउँछ ।**

**- ध्यानकेन्द्रमा जस्तै मिहिनेत गर्ने व्यक्तिलाई जुनसुकै पेसा, व्यवसाय अपनाए पनि सफल हुन कसैले रोक्न सक्दैन ।**

विपश्यनाले नैतिकवान भएर जीवनयापन गर्न सघाउने अनुभूति गरेका छन्, अधिकृत प्रकाश न्यौपानेले । 'यो ध्यानले मान्छेलाई अध्यात्मको गहिराइमा पुऱ्याई आचरणमा बस्न सिकाउँदो रहेछ । अनुशासित र खुसी मनले गरिएको कार्यसम्पादन स्वतः राम्रो हुन्छ,' धम्मश्रृंगमा नागरिकसँग उनले भने, 'ध्यानमा नआउने साथीहरूले ठूलो कुरा छुटाउनुभयो, निजामती सेवाका सबैलाई एकपटक विपश्यना पठाउनै पर्छ ।'

अर्का अधिकृत चन्द्रप्रसाद पन्थीले विपश्यनालाई कडा परिश्रम गर्नुपर्ने वैज्ञानिक ध्यानविधि ठम्याएका छन् । 'यसले जीवनप्रतिको दृष्टिकोणमै सकारात्मक परिवर्तन गराइदिएको छ, लगनशील भएर काममा लाग्न प्रेरणा मिलेको छ,' उनले भने, 'ध्यानकेन्द्रमा

जस्तै मिहिनेत गर्ने व्यक्तिलाई जुनसुकै पेसा, व्यवसाय अपनाए पनि सफल हुन कसैले रोक्न सक्दैन ।'

न्यायसेवाका अधिकृतलाई विपश्यना पठाइएको यो पहिलोचोटि हो । गत वर्ष लोकसेवा उत्तीर्ण हुने प्रशासन सेवातर्फका नयाँ अधिकृतलाई पठाइएको थियो । सरकारी अधिकृतका योग तथा सकारात्मक जीवनशैली प्रशिक्षक डा. राजु अधिकारीले तालिमकै क्रममा उनीहरूलाई विपश्यना पठाउन सिफारिस गरेका हुन् । 'पहिलो त उहाँहरूको रूचि नै हो,' अधिकारीले भने, 'कार्यक्षेत्रमा सेवाभाव विकास गराउन, निर्णयक्षमता बढाउन ध्यानले सघाउने भएकाले सिफारिस गरेको हुँ ।'

विपश्यनाका लागि कसैलाई करकाप गर्न नपाइने भएकाले तालिम केन्द्रले इच्छुकलाई मात्र पठाएको थियो । तालिमरत ४६ अधिकृतमध्ये २३ जना मात्र विपश्यनामा सहभागी थिए । तीमध्ये २१ जनाले कोर्स पूरा गरे । दुई जनाले बीचमै छाडेका थिए । ध्यान सकेर नयाँ अधिकृतहरू फागुन २८ गते शनिबारै घर फर्किएका छन् ।

## प्रशासन सेवाबाट पठाइएन

यस वर्ष प्रशासन सेवासमूहका तालिमरत शाखा अधिकृतलाई भने विपश्यना पठाइएको छैन । जाउलाखेलस्थित स्टाफ कलेजमा १ सय ७२ शाखा अधिकृतको तालिम जारी छ । गत वर्ष प्रशासन, राजस्व तथा लेखा समूहका अधिकृतलाई विपश्यना पठाएको नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठानले यस वर्ष नेतृत्व अभावमा उक्त विषय नै पाठ्यक्रमबाट हटाएको छ । यद्यपि योगप्रशिक्षक डा. अधिकारी तालिम सकिनुअघि उनीहरूलाई अझै पनि ध्यान पठाउने सम्भावना रहेको बताउँछन् ।

गत वर्ष नयाँ अधिकृतलाई विपश्यना गराउने अभियानको नेतृत्व तत्कालीन मुख्य सचिव लीलामणि पौडेलले गरेका थिए । 'ब्युरोक्रेसी भ्रष्ट भएको गुनासो बढेकाले सुधार्न सकिन्छ कि भनेर ध्यानमा पठाउने निर्णय गरेको थिएँ,' उनले नागरिकसँग भने, 'यसपालि पठाइएनछ, ६ महिनाको तालिममा १० दिन ध्यान पठाउन गाह्रो हुनु नपर्ने हो ।' विपश्यना पूरा गरेर फर्किएका अधिकृत अनुशासित र आचरणवान् पाएको पौडेलको अनुभव छ ।

प्रतिष्ठानका वरिष्ठ निर्देशक केदारबहादुर रायमाझी व्यवस्थापन गर्न नसक्दा नयाँ अधिकृतलाई विपश्यना पठाउन नसकिएको बताउँछन् । 'विपश्यनाको नियमअनुसार कसैलाई बाध्य पार्न मिल्दैन, यो अवस्थामा ध्यान गर्न अनिच्छुकलाई अर्को विकल्प दिन सकेनौं,' उनले भने, 'अर्कोचाहिँ यसपटक अधिकृत कुल ३ सय ५१ जना भए, उनीहरूलाई एकैचोटि पठाउन ध्यानकेन्द्रमा राख्ने ठाउँ रहेनछ।'

शिवपुरीस्थित धम्मश्रृंगमा एकचोटिमा २ सय ५० जनासम्मलाई आवासीय ध्यानशिविर चलाउन सकिने व्यवस्था छ । हरेक अंग्रेजी महिनाको १ र १४ तारिखमा गरी दुईचोटि १० दिने शिविर चलाइन्छ । यसबाहेक कीर्तिपुरसहित मुलुकका विभिन्न भागमा आठ विपश्यना केन्द्र छन् । नवौं केन्द्र इलाम, फिक्कलमा बनाउने तयारी भइरहेको छ । यो साधना अहिले नेपाल, भारत, युरोप, अमेरिका, इरान, इजरायल, युएईसहित विश्वका ९४ देशमा गराइन्छ।

## के हो विपश्यना ?

विपश्यना स्वनिरीक्षणद्वारा चित्तशुद्धि गर्ने प्राचीन ध्यानविधि हो । यसको अभ्यासले मान्छेमा रिस, घृणा कम गरेर करूणा र प्रेम भरिदिने विश्वास छ । २ हजार ६ सय वर्षपहिले लोप भइसकेको यो ध्यानपद्धतिलाई बुद्धले खोज गरी विश्वभर फैलाएका थिए । पछिल्लोपटक यसलाई भारतीय मूलका बर्मेली उद्योगपति सत्यनारायण गोयन्काले बर्माको सरकारी सेवा विश्वव्यापी बनाएका हुन् । दस दिनको आवासीय शिविरमा योग्यताप्राप्त आचार्यको सान्निध्यमा साधना गराइन्छ। शिविर अवधिमा साधकहरूले एकअर्कासँग बोल्न पाइँदैन । आचार्य वा सेवकसँग निश्चित अवधि साधना वा भौतिक समस्याबारे मात्र कुराकानी गर्न दिइन्छ ।

# कुशल कर्मको निम्ति समानता, जगतहित र धर्म समन्वय



✍ लोकबहादुर शाक्य

अग्गमहापण्डित डा. लेडि सयादोको कथनानुसार "लौकिकमार्ग (भौतिक मार्ग) को अनुशरणले लौकिक ज्ञान (प्रज्ञप्ति) को मात्र लाभ हुनेछ । बीचको (मध्यमस्तर) मार्गको अनुशरणगरी चतुर्महाभूतको अध्ययन, मनन, चिन्तन गर्दै गई पूर्णताको हदसम्म पुग्न सकिने हो भने प्राचीन ऋषिमुनिहरू र आधुनिक वैज्ञानिकहरूले लाभ गरेजस्तै अनेक औषधीहरू, अनेक यन्त्रहरू, धातुका अनेक भौतिक एवं रासायनिक तत्त्वहरू बारेमा राम्रो ज्ञान प्रात हुनेछ ।" निर्वाण धर्मलाई लाभ गर्नु छ भने बुद्धधर्ममा उल्लेख भए अनुसारका पाँच आलोकलाई नै प्राप्त गर्न सक्नु पर्दछ ।

बुद्धधर्मका अभिधर्म पक्षीय गम्भीर धर्मदर्शनलाई व्याख्या गर्ने क्रममा पाँच सम्मोहबाट मानव जीवनमा हुने दोषहरू र पाँच आलोकबाट प्राप्त हुने अमूल्य उपलब्धिलाई विस्तारपूर्वक चर्चा गरिएको पाइन्छ । कर्मसम्मोह र कर्मशक्यता ज्ञानको चर्चाको क्रममा यस संसारमा सम्पूर्ण मिथ्या दृष्टि नै कर्मसम्मोहबाट उत्पन्न हुने हुँदा यो कर्मसम्मोह अति भयावह कुरा हो भनी देखाइएको छ । भवचक्रमा रूमलिरहेका प्राणीहरूका लागि कर्मशक्यता ज्ञान आलोक नै मात्र शरण स्थान हो भन्ने कुरा पनि प्रष्ट पार्न खोजिएको छ ।

नामरूप सम्बन्धमा पृथ्वीधातु, आपोधातु, तेजोधातु, वायुधातु, आकाशधातु र विज्ञानधातुसहितका ६ धातुहरूका विषयमा प्रज्ञालाभ भएपछि मात्र कर्मसम्मोहको निरोध भई धर्म व्यवस्थान ज्ञान आलोक प्राप्त हुने कुरा सविस्तार उपमासहित उल्लेख गरिएको छ भने प्रत्ययसम्मोह अन्धकारबाट कारक दृष्टि र वेदना दृष्टिको उत्पत्ति हुने विषयलाई विवेचना गर्दै पृथ्वी, आप, तेज, वायु, आकाश नामक रूपधातु ५ मा कर्म, चित्त, ऋतु, आहार नामक हेतु धर्म ४, विज्ञान भन्ने नामधातु १ र वत्थु र आरम्मण भन्ने हेतु धर्म २ गरी यी ६ धातुहरूका हेतु धर्म ६ का विषयमा ज्ञान आलोक प्राप्त भएमा मात्र प्रत्यय परिग्रह ज्ञान आलोक प्राप्त हुने कुरामा प्रकाश पारिएको पाइन्छ ।

**– संसारमा देखापरेका मिथ्यादृष्टि कर्मसम्मोहबाट उत्पन्न भएको स्पष्ट छ । जगतहितमा लाग्नुपर्ने सत्यतथ्य कुरा सबै धर्मबाट शिक्षा लिन सकिन्छ, सबै धर्मलाई समन्वय गरेर अग्रसर हुनु मनुष्यत्व हो ।**

**– जगतहितमा लाग्नुपर्ने सत्यतथ्य कुरा सबै धर्मबाट शिक्षा लिन सकिन्छ, सबै धर्मलाई समन्वय गरेर अग्रसर हुनु मनुष्यत्व हो । यथार्थमा विचार गर्नुपर्ने के हो भने अरूलाई अर्ति दिन अघि आफू नै सुध्रनु अत्यन्त महत्व र ग्रहण योग्य शिक्षा भएको छ । आफ्नो कर्म आफैले बनाउने भएकोले अकुशल कर्म नगरी कुशल कर्मतिर लाग्नु समयको माग हो । बुद्धशिक्षा अनुकरण गर्नसके सर्वश्रेष्ठ प्राणी कहलिइएका मनुष्य जीवन सफल हुनेछ ।**

नामरूपका अनित्यता, दुःख र अनात्मा जस्ता

**आउँदो बैशाख पूर्णिमा अंकको लागि लेख, रचनाहरू समयमै सम्प्रेषण गर्नु हुन मैत्रीपूर्ण अनुरोध – आनन्दभूमि**

Email : anandakutivihar@gmail.com, gkondanya@gmail.com

त्रिलक्षणहरू विषयमा नजानिनु लक्षणसम्मोह हो भनिएको छ भने चतुर्महाभूत धातु चार, आकाश धातु एक र विज्ञान धातु एक समेत जम्मा धातु ६ को उत्पत्ति र विनाशलाई पानीको फिजको उपमा समान निरन्तर रूपबाट जाति, मरण, अनित्यलाई विपश्यना ज्ञानबाट हेरी जान्न सकिएमा मात्र लक्षण त्रय प्रतिवेध ज्ञान आलोक प्राप्त हुने कुरालाई सविस्तार उपमा र उदाहरणसहित विवेचना गरिएको पाइन्छ । बुद्धधर्ममा पाँचौं सम्मोह र पाँचौं आलोकको रूपमा रहेका निर्वाणसम्मोह र निर्वाणप्रतिवेध ज्ञान आलोकका विषयमा चर्चा गरिएको पनि पाइन्छ । बौद्ध-दर्शन वास्तवमा हेतुवाद, कर्मवादमा आधारित छ र आधुनिक विज्ञानकै सदृश विभज्जवाद यसको मूल विश्लेषणको तरिका हो । बौद्ध ग्रन्थको अध्ययन, मनन र विश्लेषणबाट सिद्ध हुन्छ कि जहाँसम्म धर्म र सत्यको प्रश्न छ, शाक्यमुनि बुद्ध वास्तवमा क्रान्तिकारी रूपमा यथार्थवादी, कर्मवादी, हेतुवादी र विभज्जवादी हुनुहुन्छ ।

बुद्ध-धर्मदर्शन यथार्थ रूपमा बुझ्नको निम्ति पञ्च आलोकसम्बन्धी विवेचना बोधगर्नु अति आवश्यक छ :-

**पाँच प्रकारका अन्धकारहरू:**

१) **कम्म-सम्मोह** अर्थात् कर्म विषयमा अज्ञानता ।

२) **धम्म-सम्मोह** अर्थात् धर्म विषयका अज्ञानता ।

३) **पच्चय-सम्मोह** अर्थात् कार्यकारक विषयमा अज्ञानता ।

४) **लक्खन-सम्मोह** अर्थात् जीवनका त्रि-लक्षणहरूका विषयमा अज्ञानता ।

४) **निब्बान-सम्मोह** अर्थात् निर्वाण विषयमा अज्ञानता ।

**पाँच किसिमका आलोकहरू**

१) **कम्म-सकता-ञाण** अर्थात् सम्पूर्ण प्राणीहरूको सम्पत्ति भन्नु नै कर्म मात्र हो भन्ने तथ्यको ज्ञान ।

२) **धम्म-वत्थान-ञाण** अर्थात् धर्म विषयमा विश्लेषणात्मक ज्ञान वा धर्मपरिच्छेद ज्ञान ।

३) **पच्चय नवत्थान-ञाण** अर्थात् कार्यकारक विषयमा विश्लेषणात्मक ज्ञान वा कार्यकारणपरिच्छेद ज्ञान ।

४) **लक्खन पटिवेध-ञाण** अर्थात् जीवनका त्रि-लक्षणहरू (अनित्य, दुःख, अनात्मा) लाई अवबोध गर्ने ज्ञान ।

५) **निब्बान-पटिवेध-ञाण** अर्थात् निर्वाणलाई साक्षात्कार गर्ने ज्ञान ।

**कर्म सम्बन्धमा नजान्नु**

१) प्राणी मात्रको सम्पत्ति भन्नु नै कर्म मात्र हो, सम्पूर्ण प्राणीहरू कर्मकै उत्तराधिकारी मात्र हुन् । कर्म नै तिनीहरूको व्युत्पत्तिको मूल कारण हो । कर्म नै बन्धुवान्धव हो र कर्म नै शरण स्थान हो भन्ने वास्तविक तथ्यलाई नबुझ्नु हो ।

२) आफूले गरेका कायिक, वाचिक र मानसिक कार्यहरू मध्ये कुनचाहिँ कार्य अकुशल हुन् भन्ने कुरा नबुझ्नु हो ।



बुद्धको जन्मभूमि राष्ट्र नेपालमा सुख-शान्ति फैलिरहोस् ।
सम्पूर्ण नेपालीहरूमा धार्मिक चेतना विकास होस् ।

**राजधानी बचत तथा ऋण सहकारी संस्था लि.**

बागबजार, काठमाडौं ३१, फोन : ०१-४२१९२५२

३) अकुशल कर्महरूले भावी जन्महरूमा अकुशल विपाक (फल) हरूलाई पैदा गरिदिन्छन् र चार अपाय गतिका लोकहरूमा खिचेर लैजान्छन् भन्ने तथ्यलाई नबुझ्नु हो ।

४) आफूले गरेका कायिक, वाचिक र मानसिक कार्यहरू मध्ये कुनचाहिं कार्य कुशल मूल हुन् भन्ने कुरा नबुझ्नु हो ।

५) कुशल कर्महरूले प्राणीहरूलाई भावी जन्महरूमा कुशलविपाक (फल) पैदा गरिदिन्छन् र मनुष्यगति र देवगतिको सुखी लोकमा उत्पत्ति गराउँदछन् भन्ने तथ्यलाई नबुझ्नु हो ।

**कर्मविपाक सम्बन्धमा नजान्नु**

१) प्राणी मात्रका जीवनको अन्त्य तिनीहरूको मृत्यु हुँदैमा हुने होइन, बल्कि कर्मले तोकिदिएको अर्को लोक वा गतिमा मृत्यु हुने प्राणीको उत्पत्ति हुन्छ भन्ने वास्तविक सत्यलाई नबुझ्नु हो ।

२) चर्मचक्षुबाट देख्न नसकिने नरक, प्रेत र असुरगति तथा तिर्यक योनीमा असंख्य प्राणीहरू छन् भन्ने तथ्यलाई नबुझ्नु हो ।

३) अकुशल कर्महरू गर्नाले ती अपाय गतिहरूमा जन्मिनु पर्छ भन्ने यथार्थ सत्यलाई नबुझ्नु हो ।

४) चर्मचक्षुले देख्न सकिने मनुष्य गतिमा असंख्य प्राणीहरू छन् र चर्मचक्षुले देख्न नसकिने सत्वहरूमा पनि असंख्य सत्वहरू विद्यमान छन् जस्तै असल र खराब देवताहरू, ६ देवलोकहरूमा वास गर्ने देवताहरू, रूपलोक र अरूप लोकजस्ता उत्कृष्ट दिव्य लोकहरूमा निवास गर्ने ब्रह्माहरू छन् भन्ने यथार्थ सत्यलाई नबुझ्नु हो ।

५) प्राणीहरू दानप्रदान गर्ने, शीलपालन गर्ने र भावनाको अभ्यास गर्ने जस्ता कुशल कर्महरूको कारणले गर्दा ती विभिन्न लोकहरूमा उत्पत्ति हुन्छन् भन्ने तथ्यलाई नबुझ्नु हो ।

आदिरहित र अन्त्यरहित अनादि संसार ( अनेकलाई नबुझ्नु हो ।

७) यस संसारमा आफूले गरेका कुशल र अकुशल कर्महरूले फल जहाँ जहाँ जन्माउँछन्, त्यहाँ त्यहाँ नै प्राणीहरूले अनवरूद्ध रूपमा घुमिरहनु पर्छ भन्ने यथार्थसत्यलाई नबुझ्नु हो ।

**कर्म र कर्म विपाकलाई बुझ्नु**

१) **"सब्बे सत्ता कम्मस्सका, कम्म दायादा, कम्मयोनी, कम्मबन्धु, कम्मपटिसरणा, यं कम्मं करिस्सन्ति कल्याणं वा पापकं वा तस्स दायादा भविस्सन्ति"** भन्ने तथ्यलाई बुझ्नु हो । अर्को शब्दमा भन्ने हो भने प्राणी मात्रको सम्पत्ति भन्नु नै कर्म मात्र हो, सम्पूर्ण प्राणीहरू कर्मकै उत्तराधिकारी हुन्, कर्म नै तिनीहरूको ब्युत्पत्ति स्थान हो । कर्म नै तिनीहरूका बन्धुबान्धव हुन् र कर्म नै तिनीहरूको शरण स्थान हो भन्ने यथार्थसत्यलाई बुझ्नु हो ।

२) आफूले गरेका कायिक, वाचिक र मानसिक कार्यहरू मध्ये कुन चाहिं कार्यहरू अकुशल हुन् ती अकुशल कर्महरूले चार अपाय लोकमा खिचेर लान्छन् भन्ने कुरा बुझ्नु हो ।

३) यस्ता यस्ता कार्यहरू कुशल मूल हुन्, कुशल कर्महरूले भावी जन्महरूमा पनि अकुशल फल नै दिन्छन् र ती कुशल कर्महरूकै कारण प्राणीहरू मनुष्य लोक र देवलोकहरू जस्ता सुखी लोकहरू उत्पत्ति हुन्छन् भन्ने कुरा बुझ्नु हो । उपर्युक्त सबै प्रकारका समझदारीलाई नै कम्मसकता ञाण अर्थात् कर्मशक्यता ज्ञान भनिन्छ ।

संसारमा देखापरेका मिथ्यादृष्टि कर्मसम्मोहबाट उत्पन्न भएको स्पष्ट छ । जगतहितमा लाग्नुपर्ने सत्यतथ्य कुरा सबै धर्मबाट शिक्षा लिन सकिन्छ, सबै धर्मलाई समन्वय गरेर अग्रसर हुनु मनुष्यत्व हो । यथार्थमा विचार गर्नुपर्ने के हो भने अरूलाई अर्ति दिन अघि आफू नै सुध्रनु अत्यन्त महत्व र ग्रहण योग्य शिक्षा भएको छ । आफ्नो कर्म आफैले बनाउने भएकोले अकुशल कर्म नगरी कुशल कर्मतिर लाग्नु समयको माग हो । बुद्धशिक्षा अनुकरण गर्नसके सर्वश्रेष्ठ प्राणी कहलिइएका मनुष्य जीवन सफल हुनेछ । यथार्थमा समुन्नत तथा शान्तिपूर्ण समाज सिर्जनाको निमित्त समानता, सर्वप्रकारले जगतहित तथा धर्मसमन्वयको सिद्धान्त अपनाउन सामयिक भएकोले यसतर्फ दृष्टि पुऱ्याई व्यवहारमा उत्रन प्रार्थना गर्दछु ।

*(सन्दर्भ श्रोत : पञ्च आलोक, लेखक अग्गमहापण्डित डा. लेडि सयादो, डिलिट, अनुवाद : आर. वि. वन्द्य)*



# नेपालको रामग्राममा मौजुद तथागतको अस्थिधातु-२

✍ अमृतमान ताम्राकार, निर्वाणमूर्ति विहार, किण्डोल

*गतांकबाट क्रमशः*

**६) रामग्राम संक्षेपमा :**

पश्चिम नेपालको लुम्बिनी अञ्चल नवलपरासी जिल्लाको सदरमुकाम हो- रामग्राम नगरपालिका । हाल यसको दुरी काठमाडौंबाट २५२ कि.मी. दक्षिणपश्चिम रहेको छ भने बुद्ध-जन्मस्थल लुम्बिनी बनबाट ५४ कि.मी. पूर्व रहेको छ । चिनिया बौद्ध तीर्थयात्री फाहियानको टिपोट अनुसार रामग्राम बुद्ध-जन्मस्थलबाट ५ योजन (करिब ३५ माइल पूर्व रहेको उल्लेखित छ भने ७ औं शताब्दीतिर लुम्बिनी तथा रामग्राम भ्रमण गर्ने अर्का चिनिया विश्वयात्री हुयन् साङ्ले रामग्राम र लुम्बिनीको दुरी २०० लि पूर्व मापन गरिएको पाइन्छ । यो स्थान कोलिय वंशका राजकन्या भगवान् बुद्धका आमा महामायादेवीको जन्मस्थान अर्थात् बुद्धको मावली जिल्ला पनि हो ।



रामग्राम स्तूप तथागतको महापरिनिर्वाणपछि वितरण भएको पवित्र अस्थिधातुमध्ये कोलिय राजा रामको भागमा प्राप्त पवित्र अस्थिधातु राखी निर्माण गरिएको (८ वटा स्तूपमध्येको) एक स्तूप यसै रामग्राम न.पा. को वार्ड नं. ७ उज्जैनीको झरही नदीसमिपमा रहेको छ । परासी बजारबाट स्तूप रहेको स्थान ५.३ कि.मी दक्षिणतर्फ रहेको छ । स्तूपको उचाई ६.८५ मिटर रहेको रेकर्ड नेपाल सरकार पुरातत्त्व विभागको प्रतिवेदनमा जनाइएको छ । शताब्दीऔंसम्म विलुप्त रामग्राम चैत्य यहाँ छ भन्ने सर्वप्रथम वि.सं. १९९८ मा पत्ता लगाउने श्रेय डा. डब्लु होइलाई जान्छ भने पुष्टि गर्ने काम नेपाली पुरातत्वविद्‌बाट भए । सन् १९६० सम्म यो चैत्यलाई स्थानीय व्यक्तिहरू कोटदेवी मानी सुँगुरका पाठा बलि दिने प्रचलन थियो । हाल यसै रामग्राम स्तूपको नाममा नवलपरासी जिल्लाको सदरमुकामको नाम रामग्राम न.पा. भनी नामांकन गरिएको छ । परासी बजारबाट चैत्यस्थलसम्मको बाटो पीच भइसकेपनि यातायात सुविधा त्यति सहज छैन । आफ्नै साधन नभएकाहरूको लागि बजारबाट त्यहाँ पुग्ने सहज भाडाका सवारी भनेको रिक्सा नै हो । रामग्राम स्तूपसम्म तीर्थाटन जानेहरूको लागि सीधा बसको सुविधा उपलब्ध छैन अतः त्यहाँ पुग्न प्रथमतः परासी बजार पुग्ने बस वा भाडाका गाडीमा जानुपर्दछ ।

**७. रामग्राम स्तूपका (चैत्य) विशेषताहरू :**

भगवान् बुद्धको मावली राज्य भएको नाताले कोलिय वंशका राजाले प्राप्त तथागतको पवित्र अस्थिधातु स्थापना गरी निर्माण भएका ८ वटा चैत्य । स्तूपहरू मध्ये हालसम्म झन्डै मौलिक अवस्थामै रहेको एक मात्र स्तूप रामग्राम स्तूप हो । त्रिपिटकअन्तर्गत दीघनिकाय प्रमुख अन्य पौराणिक बौद्ध ग्रन्थ एवं तीर्थयात्रीहरूको टिपोटमा उल्लेखित भौगोलिक विवरण (Geographical Location), स्तूपको संरचना, आसपासका क्षेत्र उत्खनन्मा प्राप्त अवशेषहरूलाई दृष्टिगत गर्दा यो स्तूप आधुनिक सभ्यताले विनाश भइनसकेको एक मात्र Virgin स्तूप भन्ने यथेष्ट प्रमाणहरू छन् । नेपाल सरकारको पुरातत्त्व विभागबाट सन् २००० मा थालनी गरेको आंशिक उत्खनन् भन्दा पूर्व यो स्तूपको उत्खनन् वा पुनःनिर्माण गरेको प्रमाण छैन ।

चैत्य परिसरका गाउँ घर वा विहारहरू तत्कालीन भिक्षुहरूले प्रयोग गरिरहेको अवस्थामा केही मर्मत सुधार भएको संभावना भने देखापरेका छन् । स्तूपमाथि अद्‌भूतको

रश्मि देखापर्ने गरेता पनि गर्भगृहमा स्थापित धातुको दर्शन पाएको किम्बदन्तिसम्म पनि छैन । अतः पवित्र अस्थिधातु स्तूपको आँगन Court Yard स्थित चैत्यभित्रै सुरक्षित रहेको विश्वासको पुष्टि हुन्छ ।

रामग्राम स्तूप एवं देवदह क्षेत्रको वैज्ञानिक उत्खनन् गर्ने प्रस्ताव अन्य मुलुकहरूबाट पटक पटक नआएको होइन तर उत्खनन् कार्यबाट प्राप्त अमूल्य पुरातात्त्विक वस्तुको सुरक्षा एवं संरक्षण गर्न नेपाल सरकारको सामर्थ्यलाई दृष्टिगत गरी रामग्राम स्तूपजस्तो अति महत्त्वपूर्ण एवं गौरवपूर्ण स्थलको उत्खनन् गर्ने बेला भइनसकेको राय धेरै व्यक्तिहरूले गरेको कारण र स्थानीय व्यक्तिहरूद्वारा प्रतिकार गरेको हुँदा यो स्थल पहिचान भएको धेरै वर्षसम्म पनि उत्खनन् गरिएन । लुम्बिनी-कपिलवस्तु प्रमुख देवदह तथा रामग्राम क्षेत्र अर्थात् वृहत लुम्बिनी क्षेत्र संरक्षणको आवाज उठाइ स्थानीय स्तरमा लुम्बिनी-कपिलवस्तु बचाउ अभियानको लागि समिति बनाई देवदह र रामग्रामको उत्खनन् हतारमा नगर्न, यहाँको उत्खनन्बाट प्राप्त अमूल्य वस्तुहरूले लुम्बिनी बगैंचाभित्रको पिपल वृक्षको निर्यात भएको जस्तो नियति भोग्नु नपरोस् आदि अभिव्यक्तिका साथ रामग्राम स्तूप उत्खनन् कार्यको विरोध बावजुद सन् २००० सालमा थालनी भएको उत्खनन् Excavation at Rangram अपुरो अवस्थामै स्थगित गरी पुनः ढाक्ने काम भएको छ । परापूर्व कालमा पनि यो स्तूपको अस्थिधातुलाई नागराज र जंगली हात्तिहरूले पूजा आदि सहित सुरक्षाप्रदान गरिराखेको बारे बौद्ध ग्रन्थ एवं चिनिया यात्रीको टिपोटमा उल्लेख छन् । हात्तीहरूबाट पानी चढाई नित्य पूजा हुने अद्‌भूत एवं चमत्कारिक दृश्य चिनिया यात्री हुयन् साङ्गले आफैले देखेको अद्‌भूत घटनाको रूपमा आफ्नो यात्रा डायरी ई. ६२९-६५४ मा वर्णन गरिएको छ । यहाँ नागराज भन्नाले सर्पको प्रजाति नभई यो एक प्रकारको अलौकिक शक्ति सम्पन्न मानव प्रजाति हुनुपर्छ भन्ने अनुमान रहेको छ, कारण नाग जातिका राज्य, सेना, राजारानी, प्रेमकथा, युद्ध आदि भएको व्यहोरा उल्लेखित छन्, जुन सर्प जातिमा छैन ।

बौद्ध ग्रन्थहरू खास गरी श्रीलङ्काको वंशकथा अनुसार रामग्राम स्तूपको सन्दर्भमा एउटा उल्लेखनीय इतिहास बु.सं. ३८३ मा श्रीलङ्कामा सोणमाली महाचैत्य वा रत्नमाली चैत्य स्थापना गर्ने सिलसिलामा उक्त भव्य चैत्यभित्र राख्न रामग्राम स्तूपमा नागहरूद्वारा संरक्षित एक द्रोण धातु माग गर्दा नागहरूद्वारा उक्त धातु दिन मन्जुर नगरेपछि त्रिद्धिवान श्रामणेर सोनुत्तरलाई त्यहाँ पठाई उहाँ श्रामणेरबाट छल गरी रामग्रमको पवित्रधातु ल्याई उक्त चैत्यमा स्थापना गरिएको श्रीलङ्काली इतिहास रहेको छ । नागहरूद्वारा अस्थिधातु छलगरी लगेको थाहा पाएपछि फिर्ता पाउन नागहरूको विलाप देखेर उपस्थित भिक्षुसंघको राय अनुसार धातुको केही संख्या नागहरूलाई फिर्ता दिई रामग्राम स्तूपमा प्रतिस्थापन गरिएको व्यहोरा सोही इतिहासमा उल्लेख छ ।

**रामग्रामको उत्खनन् हैन संरक्षण र विकास गरौं :-**

बुद्धको अवशेष भौतिक रूपमा मौजुद रामग्रामजस्तो ऐतिहासिक स्थलको उत्खनन् (Complete Excavation) पूर्व यससम्बन्धी केही गम्भीर पक्षमा ध्यान पुर्‍याउन आवश्यक छ ।

- यस्तो महत्त्वपूर्ण स्थलको उत्खनन् गर्न हामी कति सक्षम भयौं?
- विदेशी सहयोग विना हाम्रो आफ्नो श्रोत, साधन, प्रविधि र प्राविधिकबाट उत्खनन् निश्चित छ?
- नेपालको जेलमा बन्दी एक जना कुख्यात अन्तर्राष्ट्रिय अपराधीले नेपालको विमानस्थलबाट हात्ती छिराउन सक्ने खुल्लेआम चुनौति दिनसक्ने देशका जिम्मेवार अधिकारीहरूको इमान्दारीतालाई कहाँसम्म विश्वास गर्न सकिन्छ?

सन् २००० सुरुमा भएको उत्खनन्बाट रामग्राम कोलिय राजा रामको राज्य हो अनि स्तूप क्षेत्र बौद्ध विहार हो र २६ सयौं वर्षको अन्तरालमा भएको भूतत्त्वको परिवर्तनले स्तूप क्षेत्रमा प्रभाव पारेको आदि महत्त्वपूर्ण तथ्यहरू प्रष्ट भइसके तापनि तहाँ पवित्र अस्थिधातुकै मौजुदा Existence बारे उक्त अधुरो उत्खननले यकिन गर्न सकिएको छैन अर्थात् **"नरोवा कुञ्जरो"** को अवस्थामै छन् । अतः माथि उठाइएका गम्भीर प्रश्नलाई दृष्टिगत गर्दा हालको रामग्राम स्तूपलाई यही अवस्थामा सुरक्षित राखी यसलाई वृहत लुम्बिनी क्षेत्रअन्तर्गत बौद्ध पर्यटकीय स्थलको रूपमा विकास गर्नु बुद्धिमत्तापूर्ण निर्णय हुनेछ ।

**८) रामग्राम उत्खननमा के फेला परे :-**

लुम्बिनी मायादेवी मन्दिर तथा कपिलवस्तुको तिलौराकोट उत्खननले भगवान् गौतम बुद्धबारे धेरै महत्त्वपूर्ण एवं ऐतिहासिक सत्यतथ्यहरू उजागर भएता पनि उत्खनन्मा भेट्टाइएका वस्तुहरूको संरक्षण पक्षलाई लिएर धेरै कमजोरी एवं असन्तुष्टिहरू सार्वजनिक भए । तदनुरूप देवदह, निग्लिहवा, गोटीहवा, कुदान आदि महत्त्वपूर्ण बौद्ध क्षेत्रको विस्तारित रूपमा उत्खनन् गर्न पूर्व नेपाल आफै श्रोत, साधन, प्रविधि एवं

व्यवस्थापन पक्षमा विश्वस्त (Confident) भएपछि मात्र उत्खनन् गर्न स्थानीयवासी एवं बौद्धहरूको सहमति सुझाव बाबजूद सन् २००० मा नेपाल सरकार पुरातत्त्व विभागले रामग्रामको उत्खनन् प्रारम्भ गरी चरणबद्ध उत्खनन् पश्चात् सन् २००५ मा निम्न प्रतिवेदन सार्वजनिक गरे ।

Excavation at Ramgram
HMG/Ministry of Culture & Tourism
Dept. of Archeology, Kathmandu, Nep 2005

उपरोक्त प्रतिवेदनको साथै उत्खनन्टोली प्रमुख पुरातत्वविद् शुक्रसागर श्रेष्ठबाट पनि www.himalayan_journal ancient Nepal मा उत्खनन्को लेखहरू प्रकाशित गर्नुभएको छ । यी प्रकाशनहरू अनुसार रामग्राम चरणबद्ध उत्खनन्मा देखापरेका केही महत्त्वपूर्ण वस्तु एवं संरचनाहरूको संक्षिप्त विवरण निम्नानुसार रहेको छ ।

रामग्राम स्तूप उत्खनन्मा फेला परेका महत्त्वपूर्ण संरचनाहरू मध्ये चिनिया यात्रीहरूको वर्णनमा मेल खाने monastic complex श्रामणेरहरूको विहार, मौर्यनशैली (mouryan structure) का पर्खाल, स्तूपको पश्चिमपट्टी रहेको praying plateform (प्रार्थनास्थल, स्तूपपरिसरको बीचमा रहेको octagonal courtyard (अष्टभूजाको चोक आदि प्रमुख structure हरू छन् भने फेला परेका वस्तुहरूमा कुशानकालीन राजाको चित्र अंकित तामाका शिक्काहरू ब्राह्मीलिपिबद्ध संभवतः सुङ्कुसानकालीन शिक्काहरू माटाका भाँडाकुँडा Grey Ware ईँट्टाका चाङहरू brickbat आदि प्रमुख पुरातातात्त्विक महत्त्वका वस्तुहरू रहेको छ । यहाँ फेला परेका ईँट्टाहरूमा कलात्मक बुट्टाहरू नभई ईँट्टालाई काटेर मिलाइएको पाइन्छ । स्तूपपरिसरमा निर्मित पर्खाल गारो आदि हेर्दा यसलाई समय समयमा पुनर्निर्माण वा मर्मत गरिएको अनुमान रहेको छ । यहाँको बनोट structureहरू तिलौराकोट र मायादेवी मन्दिर परिसरको उत्खनन्मा देखा परेका बनोट र वस्तुहरूसँग मेल खाएको हुँदा यो स्थान बुध्दकालीन समयको हो भन्नेमा शंका गर्ने ठाउँ छैन । उत्खनन्मा फेला परेका वस्तुहरूमध्ये स्तूपभित्र र वरपरको क्षेत्रमा पर्याप्त संख्यामा मानव कंकालहरू तथा अङ्गहरूका हड्डीहरू प्राप्त भएको छ । यी अस्थिपंजरहरूको प्रकृति हेर्दा एकै समयको नभए विभिन्न समयको अनुमान गरिएको छ । साथै कंकाल गाडेको ठाउँमा पूजाआदिका पस्तु, शिक्का, पैसा, गरगहना फेला नपरेको हुँदा यी अस्थिपञ्जरहरूका साथ गाडिएका वस्तु चोरहरूले झिकिसकेका अथवा यी कंकालहरू आपराधिक प्रवृत्तिका व्यक्तिहरूले मानव हत्यापश्चात् गाडेको हुनसक्ने अनुमान गरिन्छ । तथागतको अस्थि दर्शन हेतु अहिलेसम्मको उत्खनन्बाट केवल मानवअस्थिपञ्चर मात्र फेला परेको हुँदा यस क्षेत्रलाई यथास्थितिमा Virgin राख्नु नै अत्युत्तम हुन्छ । नेपाल सरकारबाट भएको उत्खनन्को मुख्य उदेश्य स्तूपको मौलिकतामा विना कुनै हानीनोक्सानी पुरातात्त्विक दृष्टिले उपयोगि वस्तु एवं सूचनाहरू संकलन गर्ने रहेको हुँदा उत्खनन् कार्यबाट हुनसक्ने संभावित क्षतिबाट बचाउने हेतु उत्खनन्लाई अधुरो अवस्थामा रोकिएको भनाई उल्लेख गरिएको छ ।

नेपाल सरकारबाट भएको चौथो अर्थात् अन्तिम चरणको उत्खनन्मा स्तूपको Monastic Complex मा प्राप्त कोइलाको परीक्षण गर्दा उक्त अवशेष गुप्तवंश अर्थात् तेस्रोदेखि छैठौं शताब्दीको प्रमाणित भएको छ ।

**९) दन्तधातु परीक्षण :-**

माथि उल्लेखित द्रोण ब्राह्मणले धातु वितरण गर्दा आफ्नो कम्मर र पगडिमा लुकाइलगेको धातुमध्येको १ वटा दन्तधातु गन्धार प्रदेशको हाल (पाकिस्तानमा) चौतिय भन्ने स्थानमा चैत्य स्थापना गरिराखेको भएतापनि कालान्तरमा सो धातु तिब्बत भई QI Dynasty को पालामा चीनको jian kang भन्ने स्थानमा चैत्य स्थापना गरी हालसम्म आदर गौरवका साथ पूजा गरिआएको छ । चीनद्वारा श्रीलंकाको अनुरोधमा उक्त धातु भव्य जात्राका साथ सन १९६१ मा धातु प्रर्दशनी गरिएको थियो । उक्त दन्तधातुको जोडा (अर्थात् माथिल्लो र तल्लो दाँत श्रीलंकाको kandy शहरमा दन्तधातु मन्दिर स्थापना गरी श्रीलंकाको राष्ट्रिय गौरवको रूपमा नित्य पूजा गर्ने प्रचलन श्रीलंका जाने सबै तीर्थयात्रीहरूमा विदितै छ । श्रीलंकामा रहेको चीनबाट ल्याइएको दन्तधातुको DNA परीक्षण गरिहेर्दा दुबै दाँत एकै व्यक्तिको प्रमाणित भएको छ । यस परीक्षणबाट तथागतको दन्तधातु र यसैसित सम्बन्ध रहेका अन्य धातुहरू भगवान् गौतम बुध्दको करिव २६०० वर्षअगाडिको हो भन्ने प्रमाणित हुन्छ ।

**१०) उपसंहार/जिज्ञासा :-**

धर्मग्रन्थहरूमा प्रस्तुत देवदेवता वा मानव दानवहरूको भौतिक अवशेष पाइँदैन तर महामानव गौतम बुध्दको भौतिक अवशेष (धातु) धेरै मुलुकमा सुरक्षित राखी वैज्ञानिक परीक्षणबाट समेत पुष्टि गरिएको हुँदा बुध्दको अस्तित्त्व एवं दर्शनलाई मान्यता र आस्थाको आधारमा मात्र स्वीकार गर्नु आवश्यक

पर्दैन । यस बारेको सत्यतथ्यको भौतिक प्रमाणमध्येको एक रामग्राम स्तूप बारे बोध गराउने हेतुप्रस्तुत यस लेखको बिट मार्नु पूर्व एउटा प्रासांगिक जिज्ञासा प्रस्तुत गर्न चाहन्छु । लुम्बिनीमा सन १९९८ डिसेम्बर (मंसिर ५ र ६ गते ) सम्पन्न प्रथम बौध्द शिखर सम्मेलनको व्यवस्थापन सहयोगी एवं प्रतिनिधिको हैसियतले विभिन्न देशका सहभागीहरू एवं अन्तर्राष्ट्रिय media का प्रतिनिधिहरूलाई साथ लिई रामग्राम जाने अवसर प्राप्त हुँदा साथमा बौध्द विद्वान श्रध्देय भिक्षु सुर्दशन महास्थविर पनि साथमा हुनुहुन्थ्यो । त्यसबेला स्तूपको परिसरमा वहाँ भन्तेसँग पत्रकारहरूबाट रामग्राम बारे लिइएको एक अन्तरवार्तामा भन्तेले रामग्राम अस्थिधातु संरक्षण बारेका महत्त्वपूर्ण तथ्यहरू मध्ये एउटा बौध्द ग्रन्थलाई श्रोतको रूपमा उल्लेख गरी लुम्बिनीबाट ...योजनपूर्ण ....नदीको किनारामा ...प्रकारको स्तूपबवनाई उक्त स्तूपको ...फिटभित्र गर्भगृह बनाई ..मेटलको वाकसभित्र तामाको पात्रमा बालुवा भरी उक्त बालुवामा तथागतको अस्थिधातु स्थापित गरिएको भन्ने विवरण दिनुभएको थियो । व्यवस्थापनको तनावले गर्दा सो व्यहोरा टिप्न भ्याइएन, तर विषयवस्तु अति चाखलाग्दो एवं नेपालको गौरवको विषयवस्तु हुँदा भन्तेसँग सम्पर्क गरी यस बारे एउटा लेख तयार गर्ने मनसाय पूरा नहुँदै श्रध्देय सुदर्शन भन्ते दिवंगत हुँदा मेरो मनसाय आजसम्म अधुरो जिज्ञासामैं सीमित भए । अतः यस बारे वा सो ग्रन्थ बारे ज्ञात व्यक्तिबाट जानकारी पाए अति आभार हुनेछु ।

**चिरं तिट्ठतु सध्दम्मो ।**

सन्दर्भ स्रोत (references)


१. तथागतया अस्थिधातु, राजकीय पण्डित भिक्षु डा. नन्द महास्थविर भक्तपुर, नेपाल, वि.सं. २०७१

२. दीघनिकाय (नेपाली), अनुवादक : दुण्डबहादुर वज्राचार्य, वि.सं. २०५६

३. Mahavamsha : the great chronoicle of cylone -Wilhlem Geiger, Bcc, Sri Lanka 2007

४. बुध्दशासनको इतिहास, प्रथम भाग –भिक्षु अमृतानन्द महास्थविर, बु.सं. २५००

५. दैनिक जनसंघर्ष विश्व बौध्द शिखर सम्मेलन विशेषाङ्क २०५५, मंसिर भैरहवा, नेपाल

६. Ramgram excavation –Sukra Sagar Shrestha,www.digital Himalayan.com journal, ancient Nepal .

७. Excavation at Ramgram –HMG// Ministry of culture, Dept of archaeology kath 2005



बुद्धको जन्मभूमि राष्ट्र नेपालमा सुख-शान्ति फैलिरहोस् ।
सम्पूर्ण नेपालीहरूमा धार्मिक चेतना विकास होस् ।

सुनौलो कीर्तिपुर बचत तथा ऋण सहकारी संस्था लि.
नगाउँ दोबाटो, नयाँ बजार, कीर्तिपुर

# सयादो ऊ पण्डिताभिवंस महास्थविरया पौ

शासनिक कार्य (बुद्धशासनया ज्या) याइपिं व्यक्तिपिसं आचरण याये बहःगु विषय स्वंगू दु ।

१) धैर्यता दयेमाः ।

२) दृढगु वीर्य दयेमाः ।

३) सहयायेगु शक्ति दयेमाः ।




थ्व स्वंगूयात ज्वना ज्या याना यंकूसा जक थःम्हं यानागु शासनिक ज्या थ्यनेमाःगु थासय् थ्यनाः सफल जुइगु खः । सकलें मुनाः ज्या यायेबले थः याकःचियागु जक सामर्थ्य जूगु धैगुकथं जुयाच्वनेवं ज्या याये थाकुइ । सकलें मिलेचले जुया ज्या याःगुलिं व ज्या सफल जूगुयात हिसाब किताब मयासे थःयाकचां यानागुथें च्वंक **थ्व जिं यानागु, थ्व जिं यानागु** धैगुकथं थःगु नां न्ह्यचिका थः गौरव जक तायेका च्वन धायेवं कठिनाइत दयावयेयः । उकिं सकलें मिलेचले जुया ज्या यायेगुली थः याकचां यानाः जक जूगुथें च्वंक थःगु सामर्थ्य क्यनेगु स्वभाव दयेके मज्यू । शासनयागु ज्या यायेबले धर्यता दयेकेगु आवश्यकता जू । ताःकाल तकयात स्वयेफुम्ह, दूरदर्शीम्ह जुइगु नं आवश्यक । छुं छगू ज्या पूवंक यायेगुली क्वातुगु वीर्य, मेहेनत नं आवश्यक जू । कठिनाइत चुलाइबले लिज्यां मवंसे (लिचिला मवंसे) स्वाकस्वाकं ज्या याना यंके फुम्ह जुइमाः । तःधंगु समस्यायात चीधं जुइक, चीधंगु समस्यात मदयेका छ्वयेत दृढवीर्य, आँट, शक्ति दुम्ह जुइमाः ।

आपाः मनूतयुगु स्वभाव हे ज्या यानाः भतिभति सफल जुयावयेवं फुईंफुईं याना जुइयः । चित्तय् घमण्ड स्वभाव दयावयेयः । सफल जूगुलिं गौरवान्वित तायेका फुईंफुईं याना जुइगु सट्टा थःम्हं यानावयागु ज्याय् ह्वःप्वाः दयाच्वंगु, मगाःगु द्वनाच्वंगुयात खंके फयेक हानं छक्व लिफः स्वये सयेकेगु नं तसकं आवश्यक जू । उकथं स्वयेबले नं थःत दयामाया मतःसे (not having leniency towards oneself) स्वये फयेकेमाः । आपाः मनूतय् थःत जुल धायेवं तसकं दयामाया तयाच्वनी । थःम्हं थःत अप्वः दयामाया तया स्वल धायेवं थःगु ज्याय् कमीकमजोरी, ह्वःप्वाः दयाच्वंगु, मगाःगु, द्वनाच्वंगु खंके फइमखु । दयामाया मतःसे स्वगुलिं थःगु कमजोरी खन धायेवं ह्वःप्वाःयात जायेका बिइमाः । अथेजूसा जक सफलतायात निरन्तरता बियावनेफइ । ज्या यायेबले पारिवारिक मानसिकता ( थःगु छगू हे परिवारथें सम्भे जुइगु) दयेकगु नं आवश्यक जू । अलेजक समस्यात समाधान जुइफइ ।

शासनिक ज्या यायेगु इलय् भगवान् बुद्धया पालय् अनाथपिण्डिक, विशाखापिंसं शासनिक कार्य यानावंगु पहः तसकं नमूना काये बहःजू । थःत थःम्हं निं सन्तुष्ट जुइफयेक शासनया ज्या यायेधुंका (शासनय् महत्वपूर्णगु ध्यानभावना आभ्यास यायेगु) शासनिक कार्य यायेबले भिक्षुसंघपिनिगु आवश्यकता (माःगु) व उपयुक्तगु निथी बाँलाक थुयावइ । भिक्षुसंघपिन्त माःगु व ल्वःगु, थ्व निथी थुइका ज्या यायेबले भिक्षुसंघपिनिगु रूचिकथं जुइके फइ । अनाथपिण्डिक, विशाखापिनिगु शासनिक ज्या याःगु पहः मनन यायेगु नं तसकं आवश्यक जू । -----------

लिपा (भविष्यय्) ध्यानकेन्द्र ताःकालतक तिके यायेयानिंतिं संरक्षण समिति दयेकेगु आवश्यक जूगु कारणं उगु संरक्षण समिति दयेकेबले नं शील, समाधि व प्रज्ञा स्वंगू शिक्षा अभ्यास यायेनंपिं व्यक्तिपिं दुथ्याकेमाः । व्यावहारिक सतिपट्ठान विपस्सनायात कल्याणमित्रपिंके दयेमाःगु कारण गुण च्यागू व फलगुण न्ह्यगुलिं पूर्णपिं व्यक्तिपिं जुइकेगु नं आवश्यक जू । बुद्ध हे जक शरण दु, धर्म हे जक शरण दु धकाः दृढगु श्रद्धा, विश्वास दयेकेगु नं तसकं आवश्यक जू । कमिटी धैगु नं स्वंगू शिक्षाया गुण आनिशंस छुं नं मस्यूपिं व्यक्तिपिं तया दयेकेगु धैगु मज्यू ।

IBMC धर्मपरिवारपिं सकलें शासनया हित स्वया ज्या यायेफुपिं जुइमाः । शील, समाधि व प्रज्ञा स्वंगू शिक्षायात बुद्धया रूचि मनोभावनाकथं सन्तुष्ट जुइक अभ्यास आचरण यानाः थःगु व्यक्तिगत शासनं थःम्हं न्ह्यायेदक्व शासनयात नं पूवंक सन्तुष्ट जुइबले तक ज्या यानायंकेफुपिं जुइमाः ।

*(अन्तर्राष्ट्रिय बौद्ध भावना केन्द्रया साधारण सभा लिसें कार्यसमिति त्यज्यासम्बन्धी उगू केन्द्रया मूल ओवादाचरिय सयादो पण्डिताभिवंस महास्थविरपाखें केन्द्रया हे नामय् 26th August 2015 कुन्हु संप्रेषित पौपाखें न्ह्यब्ययागु खः, थ्व पूर्ण अंश मखु : सम्पादक)*



# विख्यात ध्यानगुरू सयादो ऊ पण्डिताभिवंस महास्थविर मन्त

४ बैशाख, बैंकक (१६ अप्रैल २०१६) । भगवान बुद्धं देशना याना बिज्याःगु महासतिपट्ठान सूत्रकथंया विपस्सना ध्यानया विश्व विख्यात ध्यानगुरू, म्यान्मारया सयादो ऊ पण्डिताभिवंश महास्थविर भन्ते ९६दँया वैशय् बैंककय् वासः याकुयाकुं सुथसिया ८ताः इलय् मदुगु समाचार प्राप्त जूगु दु ।



बुद्धवचन मुना त्रिपिटकया खुगूगु संगायनाया न्ह्यसःकर्ता सुविख्यात ध्यानगुरू अग्गमहापण्डित दिवंगत महासी सयादोया वसपोल प्रमुख शिष्य खः । सन् १९५१ निसें वसपोलं अमेरिका, यूरोप, अष्ट्रेलिया, म्यान्माः लगायत एशियाया आपालं देशय् ध्यानकेन्द्र थापना यानाः सतिपट्ठान विपस्सना भावनाया शिविरत मदिक्क न्ह्याका बिज्यानाच्वंगु खः ।

नेपालय् वसपोल वि.सं.२०४० सालं बिज्यानाः ध्यानकुटी बनेपा व अक्षेश्वर महाविहार पूच्वय् ध्यान शिविर संचालन याना बिज्यात सा २०४३ जेठ २३ गते अन्तर्राष्ट्रिय बौद्ध भावना केन्द्र, शंखमूलया शिलान्यास याना बिज्याःगु खः । उगु ध्यानकेन्द्रय् थातं ध्यानगुरू छ्वयाहयेगु प्रबन्ध याना बिज्याःम्ह वसपोल वंगु २०७१ सालतक दँय्दसं धयाथें नेपाः बिज्यानाः धार्मिक ज्या न्ह्याकाच्वना बिज्याःगु खः: ।

वसपोलं नेपाःया कुलपुत्र कुलपुत्रीपिन्त म्यान्माः यंकाः थःगु हे संरक्षणय् बुद्धशिक्षाया स्यनेकने ज्या लिसें ध्यान अभ्यास याकाः नेपाःया हे ध्यानगुरू तयार यायेगु ज्याय् आपालं कुतः याना बिज्यानाच्वंगु खः । वसपोलया शासनिक कुतलं थौंतक १५म्ह भन्ते, गुरूमांपिं तयार जुयाच्वंगु दु सा उकी मध्यय् **धम्माचरिय** पास जुयाबिज्याःपिं गुरूमांपिं २म्ह दु ।

